कर्णाली प्रदेश सरकार

मामाजिक विकास मन्त्रालय

# शिक्षा विकास निर्देशनालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल ।


०८३-५२०१०८

०८३२२०२७६

email-
redsurkhet@gmail.com

website-
www.eddkarnali.gov.np


प. सं. : २०८२/८३

च. नं. : १२४

मिति: २०८२/०५/२२

विषयः <u>प्रस्ताव पेश गर्ने सम्बन्धी सुचना</u> ।

<u>प्रथम पटक प्रकाशित मिति: २०८२/०५/२२</u>

उपर्युक्त सम्बन्धमा,शिक्षा विकास निर्देशनालय, कर्णाली प्रदेश सुर्खेतको आर्थिक बर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार हिंसा प्रभावितहरुका लागि अल्पकालिन आश्रय सहित जिल्ला सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि ५०००००।-पाँच लाख मात्र रकम बिनियोजन भएको हुदाँ कार्यक्रम योजना र बजेट सहितको प्रस्ताव पत्र यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्रमा देहायका शर्त अनुसार यस निर्देशनालयको सामाजिक बिकास शाखामा पेश गर्नु हुन यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

<u>शर्तहरु</u>

१. संस्थाको संस्था दर्ता प्रमाणपत्र, संस्थाको विधान, संस्था नबिकरण, संस्था प्यान ,आ ब २०८१/०८२ को संस्थाको लेखा परीक्षण प्रतिवेदन एव कर चुक्ता प्रमाणपत्र र संस्था सचालक समितिले प्रस्तावमा समावेश भएका कार्यक्रम संचालन गर्न अनुदान/सहयोग रकम माग गरेको निर्णय प्रतिलिपि पेश गर्नु पर्नेछ ।

२. संस्थाको कार्य प्रकृति खुल्ने सम्बन्धित स्थानीय तहको सिफारिस पत्र पेश गर्नु पर्नेछ ।

३. सम्बन्धि क्षेत्रमा कम्तिमा पनि पाँच बर्षको निरन्तर कार्यानुभव भएको हुनुपर्ने र सो खुल्ने कागजात पेश गर्नुपर्नेछ ।

४. कार्यक्रम संचालनार्थ संस्थाको आफ्नो लागत समाबेश गर्ने सस्थालाई प्राथमिक्ता दिईनेछ ।

५. सोही कार्यक्रम संचालनार्थ यस चालु आर्थिक बर्षमा अन्य कुनै निकायबाट स्रोत प्राप्त गरे नगरेको समेत खुलाउनु पर्नेछ ।

६. रीत नपुगी तथा म्याद नाघी प्राप्त भएको प्रस्तावना उपर कुनै कार्यवाही गरिने छैन ।

७. प्रस्तावना पेश भएका कागजातका आधारमा गरिने मूल्याङ्कनको सम्पूर्ण अधिकार निर्देशनालयमा रहनेछ ।

८. प्रस्तावना पेश गर्नका लागि सुर्खेत जिल्लामा कार्यक्षेत्र रहेका संस्थाहरु मात्र ग्राह्य हुनेछन ।

९. कार्यक्रम सचालनको नर्म्स कर्णाली खर्च मापदण्ड २०७५ बमोजिम गर्नु पर्नेछ ।

१० अन्य जानकारिका लागि निर्देशनालयको सामाजिक बिकास शाखा वा (९८५८०७६४९१/९८४८०५०५००) मा सम्पर्क राखुहोला ।

दीपा हमाल

**दीपा हमाल**

**नि. निर्देशक**